केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/२०/०६५/६६ मिति : २०६५/०८/०२

**इजाजतपत्रप्राप्त सम्पूर्ण वाणिज्य बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयका सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. हकप्रद शेयर (**Right Share**) सम्बन्धमा:

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले पूँजी पर्याप्तता कायम गर्ने प्रयोजनका लागि संस्थापकहरुले हकप्रद शेयर (Right Share) मा पूर्वलगानी गर्न चाहेमा निम्न शर्तहरुको अधीनमा रहि गर्न सक्ने व्यवस्था कायम गरिएको छ ।

शर्तहरु:

(क) पूँजी वृद्धि सम्बन्धी प्रस्ताव सम्वन्धित बैंक तथा वित्तीय संस्थाको साधारणसभाबाट निर्णय भइसकेको हुनुपर्ने ।

(ख) यस बैंकको निर्देशन अनुसार पूँजीकोष अनुपात पुर्‍याउने प्रयोजनको लागि संस्थापक शेयरधनीहरुबाट अग्रिम रुपमा संकलन गरेको रकम Calls in Advance शीर्षकमा जम्मा गनुपर्ने र त्यसरी जम्मा गरीएको रकमलाई बैक/बित्तीय संस्थाले त्यसपछिको हकप्रद शेयर (Right Share) जारी गर्दाको अवस्थामा अनिवार्य रुपमा समायोजन गर्नुपर्ने छ । त्यसैगरी, बैंक तथा वित्तीय संस्थाका शेयरधनी (संस्थापक/सर्वसाधारण समूह) हरुले यस बैंकको निर्देशन बमोजिमको आफ्नो पूँजी योजना अनुसार समानुपातिक रुपमा पूँजी पुर्‍याउनुपर्ने सम्वन्धित आर्थिक वर्ष भित्रमा नै हकप्रद शेयर वापत रकम जम्मा गरिसकेको तर शेयर बांडफांड नभएको कारण सम्बन्धित आर्थिक वर्षमा चुक्ता पूँजी शीर्षकमा समायोजन हुन नसकेको अवस्थामा त्यस्तो रकमलाई समेत शेयर वापत अग्रिम रुपमा संकलन गरेको रकमलाई Call in Advance शीर्षकमा देखाउन सकिने छ । यसरी अग्रीम रुपमा संकलित पूँजी रकमलाई यस बैंकको निर्देशन अनुसार समानुपातीक रुपमा वृद्धि गर्दै जानुपर्ने चुक्ता पूँजीमा गणना गर्ने प्रयोजनका लागि समेत समाबेश गर्न सकिने ।

(ग) यसरी अग्रीम रुपमा शेयरमा लगानी गर्दा सम्बन्धित संस्थापक शेयरधनीले आफ्नो अंश (Share) सम्म मात्र लगानी गर्नसक्ने ।

(घ) यस्तो Calls in Advance को सट्टामा कुनै प्रकारको सुविधा, ऋण दिन वा धितो राख्न नपाइने ।

(ङ) यस्तो Calls in Advance मा कुनै प्रकारको व्याज (Interest) लिन/दिन नपाइने र शेयर पूँजी वापत गरिने त्यस्तो अग्रिम शेयर लगानी रकमलाई कुनै पनि अवस्थामा फिर्ता भुक्तान गर्न, झिक्न वा घटाउन ( Divestment) नपाइने । साथै, यस्तो रकम चुक्ता पूँजीमा लेखांकन नभएसम्म यसमा लाभांस दिन नपाइने ।

(च) हकप्रद शेयरमा गरिने पूर्व लगानी रकमलाई त्यसपछिको हकप्रद शेयर निश्कासन (Right Share Issue) संग आवद्ध (Tie- up) गर्नु पर्ने ।

(छ) यसरी अग्रीम रुपमा संकलित पूँजी रकमलाई Calls in Advance शीर्षकमा देखाउनुपर्ने र यसमा जम्मा भएको रकमले खामेमा शाखा खोल्ने प्रयोजनार्थ आवश्यक पर्ने अतिरिक्त पूँजीको प्रयोजनको लागि समेत चुक्ता पूँजी सरह नै मान्यता प्रदान गरिने ।

(ज) हकप्रद शेयरमा पूर्व लगानी भएपनि हकप्रद शेयर निश्कासन गर्दा पुरा गर्नुपर्ने सम्पूर्ण प्रकृया र विद्यमान व्यवस्था पालना गरेको हुनुपर्ने ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

२. लिखत देवनागरी लिपी नेपाली भाषामा तयार गर्ने सम्बन्धमाः

बैंक तथा वित्तीय संस्थाहरुले जुनसुकै प्रकारको कर्जा प्रवाह गर्दा ऋणी तथा जमानतकर्ता (व्यक्ति/फर्म/कम्पनी/संस्था) तथा कारणी (ऋणी/जमानत दिने समेत) बाट तयार गर्ने/गराउने कागजातहरु (जुनसुकै लिखत, जमानीपत्र वा मन्जुरीनामा) प्रचलित ऐन कानून बमोजिम देवनागरी लिपी नेपाली भाषामा तयार गर्नुपर्ने छ । तर सम्वन्धित बैंक तथा वित्तीय संस्थाले आफ्नो आन्तरिक प्रयोजनको लागि त्यसरी नेपाली भाषामा तयार गरिएका लिखतहरु अंग्रेजी भाषामा अनुवाद गरी रेकर्डमा राख्न भने पाइने छ । यसका साथै, जमानत दिएको अवस्थामा जमानीपत्रमा उल्लेख गरेको रकम भन्दा बढी रकमको लागि जमानी दिने व्यक्ति/फर्म/ कम्पनी/संस्थालाई कुनै पनि अवस्थामा जिम्मेवार नगराइने सम्बन्धी प्रावधान स्पष्ट उल्लेख हुनुपर्ने । जमानीपत्र तयार गर्दा जमानी रकम, अवधि, ऋणको प्रयोजन, प्रमुख ऋणी, साक्षी, जमानतकर्ताको नाम, ठेगाना, सो को सनाखत लगायतका विषयहरु तथा अन्य प्रकारका लिखतहरुमा समेत देहाय बमोजिमका विषयहरुलाई यथोचित स्थानमा अनिवार्य रुपले उल्लेख गर्नुपर्ने र यो व्यवस्था २०६५ माघ १ गते देखि लागू गर्नुपर्नेछ ।

लिखतमा स्पष्टसंग उल्लेख हुनुपर्ने विषयहरु

- कारणीको नाम, ठेगाना, मिति, व्यक्तिको हकमा नागरिकता/पासपोर्ट नम्बर तथा तीन पुस्ते,
- म्याद, अवधि, प्रयोजन,
- कारणीको सम्बन्धमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाद्धारा सनाखत,
- रकम,
- साक्षी (Witness),
- हस्ताक्षर पहिचान गर्ने प्रयोजनको लागि सम्बन्धित कारणीको नाम,
- अन्य आवश्यक देखिएका विषयहरु ।

भवदीय,

(केशवराज आचार्य)
निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
२. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
६. श्री नेपाल राष्ट्र बैंक, बैंकिंग कार्यालय, थापाथली तथा जिल्ला स्थित कार्यालयहरु ।
७. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
८. श्री नेपाल धितोपत्र बोर्ड, थापाथली, काठमाण्डौं ।
९. श्री नेपाल धितोपत्र विनिमय बजार लिमिटेड, सिंहदरवारप्लाजा, काठमाण्डौं ।
१०. श्री विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, बबरमहल, काठमाण्डौं ।
११. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।